# नौबहिनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
लुङ्ग, बाहाने, प्युठान

## ढुंगा गिट्टी र बालुवा जस्ता प्राकृतिक श्रोतको बिक्रीको लागि शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०८०/०५/०९**
**दोस्रो पटक प्रकाशित मितिः- २०८०/०६/१३**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरि यस नौबहिनी गाउँपालिका गाउँ कार्यपालिकाको निर्णयानुसार प्रकृतिक स्रोत कर असुली सम्बन्धि कार्य आ.व २०८०/०८१ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानुनी प्रकृया पूरा गरेका ईच्छुक फर्म कम्पनीहरुले बोलपत्र फारम दस्तुर जम्मा गरि देहाएको मिति र समय भित्र हार्ड कपी (Hard copy) मार्फत बोलपत्र पेश गर्नुहुन सुचित गरिन्छ। अन्य थप जानकारीका लागि यस कार्यालयको सूचनापाटी तथा कार्यालयको वेभ साईट (www.naubahinimun.gov.np) तथा कार्यालय समयभित्र यस गाउँ कार्यपालिकाको कार्यालयको राजश्व शाखामा राख्न सकिनेछ।

**ढुङ्गा, गिट्टी , बालुवा प्रकृतिक स्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण**

| ठेक्का नं. | विवरण | बार्षिक उत्खनन गर्न सकिने परिमाण (घ.मि) | न्यूनतम ठेक्का अंक रु. (मू.अ.कर बाहेक) | शिलबन्दी दरभाउपत्र जमानत रकम (धरौटी रकम) रु. | शिलबन्दी दरभाउपत्र दस्तुर रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| NRM/SQ-03/2080/081 (Re) | नौबहिनी गाउँपालिका भएर बग्ने लुङ खोलाको ढुङ्गा गिट्टी वालुवा जस्ता नदि जन्य पदार्थको उत्खनन् तथा बिक्रि गर्ने कार्य। | २३५०घ.मि | ४९७९३७.२७ | १५०००.०० | १०००.०० | |

**नोट :- ढुङ्गा गिट्टी वालुवको दररेट प्रति क्युविक फुट (लुम्बिनी प्रदेश आर्थिक ऐन २०८०) बमोजिम ने.रु. ६ (मू.अ.कर बाहेक)**

- बोलपत्र फारमको लागि बोलपत्र दाखिला हुने समय भित्र बोलपत्रदाताहरुले बोलपत्र फारम दस्तुर रकम यस कार्यालयको नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. बाहने शाखामा रहको आन्तरिक राजश्व खाता नं ०७६०१४००२५०१४६ मा जम्मा गरेको बैंक भौचर र आवश्यक सबै कागजातहरु यस कार्यालयमा पेश गर्नुपर्ने छ।
- बोलपत्र फारमहरु नियमानुसार यस गाउँपालिकाको बोलपत्र फारम भरी बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त व्यक्ति, संस्था, फर्म वा कम्पन्नीले व्यवसाय दर्ता प्रमाणपत्र (कर सहितको प्रमाण मु.अ.कर) पत्र र स्थाई लेखा नम्बर तथा आर्थिक वर्ष ०७९/८० को कर चुक्ता वा म्याद थप, बोलपत्रको लागि योग्य रहेको र बोलपत्रदाताको लेटरहेडमा कुनै कार्यमा कसुर नभएको र सजाय नपाएको भनि स्वघोषण पत्र, सम्बन्धित कार्यको लागि अख्तियारी पत्र मिति २०८०/०६/२९ दिनको १२:०० बजे भित्र पेश गर्नुपर्ने छ। र पेश भएका बोलपत्रहरु सोहि दिनको १:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ, बोलपत्रदाता वा प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
- बोलपत्र फारम भरी पेश गर्दा आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग लेखि तोकिएको धरौटी रकम यस कार्यालयको नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. नौबहिनी गाउँपालिकाको बहाने शाखामा रहेको धरौटी खाता नं ०७६०१४००२५००२३ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिन सम्म म्याद भएको रितपुर्वकको बैंक जमानी पत्र (Bid Bond) पेश गर्नुपर्ने छ। कबोल गरेको रकम अंक र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ।
- अन्य जानकारीको लागि नौबहिनी गाउँपालिकाको वेभ साइटमा हेर्न सकिने छ।

**प्रमुख प्रशासकिय अधिकृत**